# जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको
## सत्रौं बैठक

आज मिति २०७५।०२।२३ गते बुधवार दिउसो १२:३० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको सत्रौं बैठक नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल वमोजिमको उपस्थितिमा वसी प्रस्तावित बिषयहरुमा छलफल गरीयो ।

**उपस्थिति**

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वतीचौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडा,दध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहितचौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामवाबु प्रसादकलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री विनोद प्रसादयादव, वडाध्यक्ष-११

श्री लालवाबु प्रसादचौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसादसिहँथारु, वडाध्यक्ष-१३

श्री रामशरण वर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदार नाथ बजगाई, वडाध्यक्ष- १६

श्री नवराजवहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाददाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण वहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, का.पा.सदस्य

श्री रामदुलारी चौधरी, का.पा.सदस्य

श्री सुन्दर वहादुर सुनार, का.पा.सदस्य

श्री श्याम सुन्दर पासवान, का.पा.सदस्य

श्री राजकुमार महरा, का.पा.सदस्य

श्री अनिता देवीचौधरी, का.पा.सदस्य

श्री सुभद्रान्यौपाने, का.पा.सदस्य

श्री कमलचौधरी, का.पा.सदस्य

श्री शिव कुमार कार्की – सचिव

<u>अन्य उपस्थिती</u>

श्री नागेन्द्र प्र.चौधरी,शाखा अधिकृत

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत

श्री नविन गङतान लामा, शाखा अधिकृत

श्री राम नरेश यादव, ईन्जिनियर

श्री वीरेन्द्र वाईबा,ना.सु.

छलफलका विषयहरुः

१. रिपोर्टिङ्ग तथा कार्य प्रगती विवरण सम्बन्धमा ।

२. स्थानीय राजश्व परामर्श समितिको निर्णय सम्बन्धमा ।

३. बिषयगत समितिको निर्णय सम्बन्धमा ।

४. आगामी आर्थिक वर्षको वार्षिक नीति कार्यक्रम र बजेट सम्बन्धमा ।

५. दोश्रो नगरसभा सम्बन्धमा ।

६. योजना सम्बन्धमा ।

७. विविध ।

निर्णयहरुः

निर्णय नम्बर (१): प्रस्ताब नम्बर १ सम्बन्धमा छलफल गर्दा नगरप्रमुख श्री डा. कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकिय अधिकृत श्री शिब कुमार कार्कीबाट उपमहानगरका समग्र गतिविधी, प्रशासनिक काम तथा योजना सञ्चालनको हालसम्म भएका प्रगति विवरण प्रस्तुत भयो ।

निर्णय नम्बर (२): प्रस्ताब नम्बर २ सम्बन्धमा छलफल गर्दा यस जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको सिफारिस बमोजिम तपशिल बमोजिमको निर्णयहरु गरियो ।

तपशील

क) यस उपमहानगरपालिकाको पटके सवारी कर, पार्किङ्ग शुल्क, अस्थाई हाटबजार र सरसफाई शुल्क देहाय बमोजिमको लिने निर्णय गरियो ।

| क्र.स. | शिर्षक | न्युनतम अंक | कानुनी व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | पटके सवारी कर (सेवा शुल्क) | २० लाख | दफा ६२ को उपदफा २ को (घ)बमोजिम | |
| २ | पार्किङ शुल्क | १० लाख | दफा ६०बमोजिम | पथलैया |
| ३ | अस्थाई हाट बजार अन्तर्गत | | | |
| क) | जीतपुर हाटबजार | १२ लाख | दफा ६२ को उपदफा २ को (ग) बमोजिम | |
| ख) | सिमरा हाटबजार | २ लाख ५० हजार | दफा ६२ को उपदफा २ को (ग) बमोजिम | |
| ग) | डुमरबाना हाट बजार | ५० हजार | दफा ६२ को उपदफा २ को (ग) बमोजिम | |
| घ) | फत्तेपुर हाटवजार | २५ हजार | दफा ६२ को उपदफा २ को (ग) बमोजिम | |
| ङ) | जैतापुर हाटवजार | २ लाख ५० हजार | दफा ६२ को उपदफा २ को (ग) बमोजिम | |
| च) | इनर्वासिरा हाटबजार | ६० हजार | दफा ६२ को उपदफा २ को (ग) बमोजिम | |
| छ) | पशु चौपाया बजार जीतपुर | १५ लाख | दफा ६२ को उपदफा २ को (ग) बमोजिम | |
| ४ | सरसफाई शुल्क अन्तर्गत | | | |
| क) | अमलेखगंज क्षेत्र | १० लाख १ हजार १ सय | दफा ६५ को उपदफा २ को (ख)बमोजिम | |

ख) यस जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्र भित्र उत्पादन भई निकासी हुने वन पैदावार ( काठ) को प्रति क्युबिक फिट रु ३ (तीन मात्र) को दरले बन पैदावर निकासी कर उठाउने ।

ग) साविकको गढिमाई नगरपालिका र ठेकेदार श्यामबाबु सिंह भुईहाँर बीच जीतपुर पाडा भैसी बजारको सम्झौता भएकोमा मिति २०७५।०२।०३ को कार्यपालिकाबाट सो ठेक्का सम्झौता रद्ध गर्ने निर्णय भै पत्राचार समेत भएकोमा सो ठेकेदारको बाँकी अवधि आर्थिक बर्ष ०७५।७६ र ०७६।७७ गरी दुई बर्षको हुन आउने रकम फिर्ता गर्ने निर्णय गरियो ।

घ) निर्णय नम्बर (३): प्रस्ताब नम्बर ३(क) सम्वन्धमा छलफल गर्दा यस जीतपुरसिमरा उपमहानगरपालिकाको सामाजिक विकास समितिको सिफारिस बमोजिम तपशिल बमोजिमको निर्णयहरु गरियो ।

क) वडा नम्बर ५ को माग बमोजिम डकर्मी तालिम परिवर्तन गरी सिलाई कटाइ तालिम सञ्चालन गर्ने ।

ख) मठ मन्दिर मस्जिद चर्च ओम शान्ती गीता पाठशाला व्यवस्थापन शिर्षकबाट निम्न अनुसारको कार्यक्रमहरुमा बाँडफाड गर्ने ।

a. वडा नम्बर १७ को सामतेलिङ्ग बौद्ध गुम्बाको भवन निर्माणमा अपुग रकम रु १ लाख ७० हजार थप गर्ने ।
b. वडा नम्बर १६ टाँगियाबस्तीको चर्च मर्मत गर्न रु १ लाख ५० हजार बिनियोजन गर्ने ।
c. वडा नम्बर ५ बकुलिया, वडा नम्बर १२ फतेपुर, वडा नम्बर १ सिमरा लगायत सबै ओम शान्ती भवनको मर्मत सुधारको लागी रु ४ लाख बिनियोजन गर्ने ।
d. वडा नम्बर २० शिव मन्दिरको पर्खाल निर्माणको लागी रु २ लाख बिनियोजन गर्ने ।
e. वडा नम्बर ४ औराहाको श्री कृष्ण प्रणामी मन्दिर निर्माणको लागी रु ५ लाख बिनियोजन गर्ने ।
f. वडा नम्बर १६ को जलेश्वर धार्मिक पर्यटकीय क्षेत्र यज्ञशाला निर्माणको लागी रु ८० हजार बिनियोजन गर्ने ।

ग) लैङ्गिक समानता तथा समावेशिकरण अन्तर्गत अपाङ्गहरुको लागी सहायक सामाग्री वितरण गर्न खरिद गरी वितरण गर्ने ।

घ) महिला बालबालिका कार्यालयको कार्यक्रम अन्तर्गत महिलाको लागी बिनियोजन गरिएको रकमबाट निम्न अनुसारको कार्यक्रम गर्ने ।

a. महिला हिंसा न्युनिकरण अभिमुखीकरणको लागी.......................रु ३ लाख
b. नेतृत्व विकास कार्यक्रमको लागी ........................................ रु ४ लाख
c. महिला उदघोषण तालिमको लागी ........................................रु २ लाख
d. पापड बनाउने तालिमको लागी ........................................रु १ लाख

ङ) महिला बालबालिका कार्यालयको कार्यक्रम अन्तर्गत दलितको लागी बिनियोजन गरिएको रकमबाट निम्न अनुसारको कार्यक्रम गर्ने ।

a. लाहाको चुरा बनाउने तालिम छातापिपरा ................................................ रु २ लाख
b. स्कुल ब्याग बनाउने तालिम सिमरा ................................................ रु ५ लाख
c. महिला नेतृत्व क्षमता विकास तालिम ६ स्थान ...................................... रु ६ लाख
d. बासको मुडा बनाउने तालिमा टाँगियाबस्ती र इनरवासिरा .................... रु ४ लाख
e. ग्रिल ( वेल्डिङ ) बनाउने तालिम डुमरवाना............................................ रु ३ लाख

च) नेपाल टेक्वान्डो संघ जिल्ला कार्यसमितिलाई टेक्वान्डो प्रतियोगिता सञ्चालनको लागी रु ३० हजार सहयोग दिने।

निर्णय नम्वर (३): प्रस्ताब नम्वर ३(ख) सम्वन्धमा छलफल गर्दा यस जीतपुरसिमरा उपमहानगरपालिकाको पुर्वाधार विकास समितिको सिफारिस वमोजिम तपशिल बमोजिमको निर्णयहरु गरियो ।

क) वडा नम्बर १६ टाँगियाबस्तीमा अस्थायी रुपमा खानेपानी व्यवस्थाको लागी ड्रिल्ड डिप ट्युबेल गाड्ने ।

ख) वडा नम्बर ३ को सडक ढलान शिर्षक अन्तर्गत *प्रभु निवास देखि रातो गोदाम सम्म चुनाभट्टाको बाटो र नालालाई* परिवर्तन गरी *बजनी स्कुल देखि उत्तर बालुवाटोल जाने बाटोमा ढलान* गर्ने ।

ग) उपमहानगरपालिकाको मुख्य प्रशासनिक भवन, क्यान्टिन, पार्किङ्ग र गार्डेनिङको स्मार्ट इन्जिनियरिङ्ग एण्ड डिजाइन सोलुसन र स्वाप कन्सल्टेन्सीले तयार पारेको ड्रोइङ, डिजाइन, लागत इस्टिमेटलाई स्वीकृत गरी टेण्डर आहान गर्ने ।

निर्णय नम्बर (४): प्रस्ताव नम्बर ४ सम्बन्धमा छलफल गर्दा यस जीतपुरसिमरा उपमहानगरपालिकाको आगामी आर्थिक वर्षको लागी वडा स्तरीय बजेट सिलिङ निर्धारण गर्न आधार तयार गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (५): प्रस्ताव नम्बर ५ सम्बन्धमा छलफल गर्दा यस जीतपुरसिमरा उपमहानगरपालिकाको दोश्रो नगरसभा मिति २०७५ साल असार १० गते गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (६): प्रस्ताव नम्बर ६ (क) सम्बन्धमा छलफल गर्दा यस नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७५ साल जेष्ठ २० गतेको निर्णय अनुसार यस उपमहानगरपालिकाको सिमरामा मालपोत तथा नापी कार्यालय स्थापना गर्ने निर्णयलाई स्वागत सहित धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (६): प्रस्ताव नम्बर ६ (ख) सम्बन्धमा छलफल गर्दा यस जीतपुरसिमरा उपमहानगरपालिकाको न्यायिक समितिको इजलासको बस्दा न्यायिक समितिको सदस्यहररुलाई बैठक भत्ता दिने निर्णय गरियो ।

निर्णय नम्बर (६): प्रस्ताव नम्बर ६ (ग) सम्बन्धमा छलफल गर्दा यस जीतपुरसिमरा उपमहानगरपालिका वडा न ११ १२ १३ १४ १५ १६ भित्र युनिसेफको सहयोगमा आगामी आर्थिक वर्षमा सञ्चालन हुने खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रमलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (६): प्रस्ताव नम्बर ६ (घ) सम्बन्धमा छलफल गर्दा यस नगर उद्योग वाणिज्य संघसँग सहकार्य गरी आपसी सहमतीमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (६): प्रस्ताव नम्बर ६ (ङ) सम्बन्धमा छलफल गर्दा यस उपमहानगरपालिकाले ग्रेडर खरिदको लागी बोलपत्र आहान भई बुद्ध पावर इलेक्ट्रो सिस्टमको रितपुर्वक बोलपत्र स्वीकृत भएकोमा सो कम्पनीले बोलपत्रमा उल्लेखित स्पेसिफिकेशनमा अनुसारको ग्रेडर बजारमा उपलब्ध नभएकोले सो सरहको ग्रेडर तत्काल नै उपलब्ध गराउने भनि निवेदन प्राप्त भएकोले ग्रेडर उपलब्ध गराउन सो बोलपत्रदातालाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (६): प्रस्ताव नम्बर ६ (ङ) सम्बन्धमा छलफल गर्दा आन्तरिक राजश्व कार्यालय सिमरा बाराको गेट बाहिर एउटा सिसि क्यामेरा जडान गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (६): प्रस्ताव नम्बर ६ (च) उपमहानगरपालिकाभित्रको सार्वजनिक संस्था एवं सडकहरुको आवश्यकता अनुसार उपमहानगरपालिकाले मर्मत सम्भार कोषको रकम बाट खर्च गर्ने गरी मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (६): प्रस्ताव नम्बर ६ (छ) सम्बन्धमा छलफल गर्दा यस उपमहानगरपालिकाको फोहोरमैला तथा ढल व्यवस्थापन शिर्षक अन्तर्गत फोहोरमैला व्यवस्थापनमा सहयोग गर्ने वडाको मागमा आधारित कार्यक्रममा विनियोजित रु १५ लाख बाट वडा नम्बर १ र वडा नम्बर ४ मा क्रमशः रु ७ लाख र ८ लाख को पुर्वाधार विकास कार्यक्रममा विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (६): प्रस्ताव नम्बर ६ (ज) सम्बन्धमा छलफल गर्दा वडा नम्बर १५ को सार्वजनिक सौचालयलाई मर्मत सम्भार गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (६): प्रस्ताव नम्बर ६ (झ) सम्बन्धमा छलफल गर्दा हलखोरिया पर्यटन प्रवर्द्धन सम्बन्धी नेपाल पर्यटन बोर्डबाट विनियोजित रकमको कार्यक्रम गर्न उपमहानगरपालिकाबाट फोकल व्यक्ति तोक्ने तथा सम्बन्धित क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नम्बर (६): प्रस्ताव नम्बर ६ (ञ) सम्बन्धमा छलफल गर्दा उपमहानगरपालिकाले मिति २०७५ साल जेष्ठ १ गतेको बिज्ञापन अनुसार टिपर चालक, बारुणयन्त्र चालक, ग्रेडर चालक र बारुणयन्त्रको फायरम्यान पदहरुको प्रयोगात्मक एवं अन्तर्वार्ताको अन्तिम नतिजाको आधारमा पदपुर्ति तथा सिफारिस समितिको सिफारिस बमोजिम उम्मेदवारहरुलाई सेवा करारमा नियुक्ति गर्ने निर्णय गरियो ।